बलेफी गाउँपालिका
**Balephi Rural Municipality**
गाउँ कार्यपालिकाको कार्यालय
**Office of Rural Municipal Executive**
बलेफी, सिन्धुपाल्चोक
**Balephi, Sindhupalchok**

पत्र संख्या (Letter No.): २०८१/०८२ — बागमती प्रदेश, नेपाल (Bagamati Province, Nepal)
चलानी नं (Ref. No.): २५५ — स्थापना: २०७३ (Estd: 2073)

मिति २०८१।०६।३०

विषय : उपभोक्ता समिति गठन तथा सम्झौता सम्वन्धि सूचना ।

वडा कार्यालयहरु (१-८) सवै
बलेफी गाउँपालिका, सिन्धुपाल्चोक ।

प्रस्तुत विषयमा बलेफी गाउँपालिकाको आ.व.२०८१/८२ का लागि गाउँसभाबाट स्वीकृत बार्षिक योजना तथा कार्यक्रमहरुको उपभोक्ता समिति गठन तथा सम्झौता गर्न गाउँ कार्यपालिकाको मिति २०८१ साल आश्विन ११ गतेको बैठकको निर्णय र बलेफी गाउँपालिकाको उपभोक्ता समिति गठन सम्वन्धि कार्यविधि निर्देशिका अनुसारको उपभोक्ता समिति गठन, मिति २०८१ साल मंसिर १५ भित्र र पौष मसान्त भित्र योजना सम्झौता गरी सक्न हुन सवैमा सुचित गरिन्छ । तोकिएको समय र सिमाभित्र समिति गठन तथा योजना सम्झौता नभएमा सम्वन्धित निकाय स्वयं जिम्वेवारी हुने समेत सुचित गरिन्छ । साथै सम्झौता गर्नका लागि तपसिल वमोजिमका कागजातहरु अनिवार्य पेश गर्नु हुन समेत जानकारी गराईन्छ ।

तपसिल

१.उपभोक्ता समिति गठन गर्न वडाबाट ७ दिन अगावै सार्वजनिक सुचना प्रवाह गरेको सूचना पत्रको प्रतिलिपी ।
२. उपभोक्ता समिति गठन गर्न भेला भएको भेलाको माईन्युट तथा उपस्थित देखिने भेलाको फोटो ।
३. जनप्रतिनिधिको रोहवरमा भेला भई गठन भएको ७ देखि ११ जनासम्मको उपभोक्ता समिति ।
४. पदाधिकारी ३ मध्ये १ महिला र ३३ प्रतिशत महिला सदस्य सहभागिता हुनु पर्ने ।
५. कम्तीमा ३ देखि ५ जनासम्मको अनुगमन समिति गठन ।
६. योजना निर्माण कार्य स्थलको फोटो ।
७ उपभोक्ता समितिमा रहेका पदाधिकारी तथा सदस्यहरुको नागरिकताको प्रतिलिपी ।
८. वडा कार्यालयको किटानी सिफारिस ।

८१।६।३०

सुर्य बहादुर तामाङ
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री सुचना प्रविधि शाखा पेजमा अपलोड र सवै वडा कार्यालयहरुलाइ इमेल मार्फत जानकारी गराउन हुन ।